# हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड
# HIMALAYAN LIFE INSURANCE LIMITED

HIMALAYANLIFE
सुरक्षा अटल, भविष्य सबल

प.सं./हि.ला.इ.लि./च.नं./२५८९/०८१/०८२
मिति: २०८१/१०/१४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

**विषय: बार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज बन्द (Book Close) गरिने जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा कम्पनीको संचालक समितिको मिति २०८१/१०/१४ गते दिनको ४:३० बजे कम्पनीको केन्द्रिय कार्यालय हात्तिसार, काठमाण्डौंमा बसेको ३५ औं बैठकबाट कम्पनीको सत्रौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं । सो साधारण सभाको प्रयोजनार्थ मिति २०८०/१०/२५ गते एक दिनको लागि यस कम्पनीको शेयर दाखिल खारेज बन्द (Book Close) गरिने निर्णय भएको व्यहोरा समेत जानकारी गराउँदछौं । साथै बार्षिक साधारण सभामा पेश गरिने कार्यसूची (एजेण्डा) यसै साथ संलग्न गरी पेश गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**

**मिति:** २०८१/११/११ गते आइतबार (तदनुसार २३ फेब्रुअरी, २०२५) ।
**स्थान:** अनुपम फुडल्याण्ड एण्ड बैंक्वेट, बत्तिसपुतली, काठमाण्डौं ।
**समय:** बिहान १०:३० बजे ।

ईश्वर कुमार सेडाई
कम्पनी सचिव

**बोधार्थ:**
१. श्री नेपाल बीमा प्राधिकरण, कुपण्डोल, ललितपुर ।
२. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
४. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
५. श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं ।

# सत्रौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१।१०।१५ गते)**

यस कम्पनीको मिति २०८१/१०/१४ गते सोमबार (तदनुसार २७ जनवरी २०२५) बसेको संचालक समितिको ३५ औं बैठकको निर्णयानुसार यस कम्पनीको आ.व. २०७९/८० को सत्रौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

**सभा हुने मिति, स्थान र समय :**

**मितिः** २०८१/११/११ गते आइतबार (तदनुसार २३ फेब्रुवरी २०२५)

**स्थानः** अनुपम फुडल्याण्ड एण्ड बैंक्वेट, बत्तिसपुतली, काठमाण्डौं।

**समय :** बिहान १०:३० बजे।

**छलफलका विषयहरु :**

**(क) साधारण प्रस्तावः**

१. संचालक समितिको आ.व. २०७९/८० को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. यस कम्पनीको आ.व.२०७९/८० को र यस कम्पनीमा मर्ज भएको साविक गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड) को आ.व. २०७९/८० को (मर्ज अघि सम्मको) लेखापरीक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचिहरु तथा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वित्तीय विवरण माथि छलफल गरी पारित गर्ने।

३. संचालक समितिको निर्णय बमोजिम आ.व. २०८०/८१ को लागि बाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने (हालको लेखापरीक्षक एलएसपि एशोसिएट्स एण्ड चार्टर्ड एकाउन्टेण्ट पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)।

**(ख) विशेष प्रस्तावः**

१. संचालक समितिवाट सिफारिस भई नेपाल बीमा प्राधिकरणवाट स्वीकृत भए बमोजिम आ.व. २०७९।८० को लागि कम्पनीको हाल कायम रहेको चुक्ता पुंजी ८,०२,०३,८३,६०२।- मा १४ प्रतिशतको दरले हुन आउने रु. १,१२,२८,५३,७०४।- (अक्षरेपी एक अर्ब बाह्र करोड अठ्ठाईस लाख त्रिपन्न हजार सात सय चार) बराबरको बोनश शेयर वितरण गर्ने र बोनश शेयरमा लाग्ने कर वापतको रकम स्वयं शेयरधनीले भुक्तानी गर्ने प्रस्ताव पारित गर्ने। बोनश शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको भिन्न अंक (Fraction) लाई सम्वन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत रुपमा राख्ने प्रस्ताव पारित गर्ने।

२. बोनश शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता तथा जारी पुंजी रु. ९,१४,३२,३७,३०६।- (अक्षरेपी नौ अर्ब चौध करोड बत्तिस लाख सैतिस हजार तीन सय छ) कायम हुन आउने भएकोले बृद्धि हुने पुंजीलाई समावेश गरी प्रबन्धपत्रमा संसोधन गर्ने प्रस्ताव पारित गर्ने।

३. कम्पनीको प्रबन्धपत्रमा आवश्यक संसोधन गर्ने साथै कम्पनीको प्रबन्धपत्र तथा अन्य प्रस्तावित बिषय उपर नियमनकारी निकायहरुले कुनै फेरबदल, संसोधन एवं परिमार्जनको लागि निर्देशन दिएमा सोही बमोजिम गर्न संचालक समितिलाई अख्तियारी दिने।

४. कम्पनी ऐनको दफा १०५ को (१) (ग) बमोजिम आ.व. २०७९।८० मा भएको खर्चको अनुमोदन गर्ने।

**(ग) विविधः**

संचालक समितिको आज्ञाले
ईश्वर कुमार सेडाई
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. कम्पनीको सत्रौं बार्षिक साधारणसभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेजको काम मिति २०८१ साल माघ २५ गते एक दिनको लागि बन्द रहनेछ। शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अगावै अर्थात मिति २०८१ साल माघ २४ गते सम्म नेपाल स्टक एक्सचेन्ज लि. मा शेयर कारोवार गरी कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाण्डौंको शेयरधनी दर्ता कितावमा कायम हुन आएका शेयरधनीहरुले मात्र साधारणसभामा भाग लिन पाउने छन्।

२. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका विहान १०:०० बजे देखि १२:०० बजे सम्मको लागि खुल्ला रहने छ। सभामा सहभागिताको लागि शेयरधनी महानुभावहरुले आफ्नो परिचय पत्र, शेयर प्रमाणपत्र वा हितग्राही खाताको विवरण साथमा लिई आउनु पर्नेछ।

३. प्रतिनिधि पत्र (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी कम्पनीको शेयरधनीलाई नियुक्त गरी कम्पनीको केन्द्रीय कार्यालयमा, हात्तिसार, काठमाण्डौमा सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै दर्ता गरी सक्नु पर्नेछ।

४. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगाना र इमेल ठेगानामा वार्षिक प्रतिवेदन पठाइने छ। कुनै कारणवश उक्त प्रतिवेदन नपाउनु भएमा कम्पनीको केन्द्रिय कार्यालय, मनकामना मार्ग, हात्तिसार, काठमाण्डौंबाट प्राप्त गर्न सकिने छ।

५. कम्पनीको शेयरधनी दर्ता किताबमा कायम हुन आएका नावालक शेयरधनीहरुको संरक्षकले सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नु हुनेछ।

६. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयम सभामा उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

७. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा कार्यकारी प्रमुखले दस्तखत गरी मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ।

८. छलफलका विषय/सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ।

९. साधारण सभा सम्बन्धी थप जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय मनकामना मार्ग, हात्तिसार काठमाण्डौंमा सम्पर्क राख्नु हुन वा कम्पनीको वेबसाइट www.himalayanlife.com.np मा हेर्नु हुन समेत अनुरोध गर्दछौं।

HIMALAYANLIFE
सुरक्षा अटल, भविष्य सबल

## हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड
## HIMALAYAN LIFE INSURANCE LIMITED

मनकामना मार्ग, हात्तिसार, काठमाडौं
फोन: ०१-४४४१४१४, ०१-४९७००५७ | पो.ब.नं. २५९७९
E-mail: info@himalayanlife.com.np | Website: www.himalayanlife.com.np

हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड
HIMALAYANLIFE